नेपाल सरकार

उद्योग, वाणिज्य तथा आपुर्ति मन्त्रालय

उद्योग विभाग

त्रिपुरेश्वर, काठमाडौं
नेपाल ।

उद्योग विभागको अत्यन्त जरुरी सूचना ! सूचना !! सूचना !!!

यस विभागमा पेटेन्ट, डिजायन र ट्रेडमार्क ऐन, २०२२ तथा प्रचलित कानून बमोजिम ट्रेडमार्क दर्ताको लागि आवेदन गर्दा ट्रेडमार्क निर्देशिका, २०७२ को अनुसूची ५ बमोजिम तपसिलका विषयहरूलाई मध्यनजर गरी आफ्नो मौलिक सिर्जनामा आधारित भएर आवेदन गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। विभागमा प्राप्त हुन आएका आवेदनमा उक्त विषय रहेको पाइएमा ट्रेडमार्क दर्ता प्रक्रिया अगाडि बढाउन नसकिने व्यहोरा समेत यसै सूचनामार्फत जानकारी गराइन्छ।

<u>तपसिल</u>

- कुनै व्यक्ति वा संस्थाको प्रतिष्ठामा धक्का पर्ने,
- सर्वसाधारण जनताको सदाचार वा नैतिकता वा धार्मिक, सामाजिक वा साँस्कृतिक मर्यादा वा राष्ट्रिय हितमा नराम्रो असर पर्ने,
- अरु कसैको ट्रेडमार्कको ख्यातिमा धक्का पर्ने,
- अरु कसैको नाममा दर्ता भएसकेको वा दर्ता प्रक्रियामा रहेको ट्रेडमार्कसँग भ्रम पर्न सक्ने,
- कुनै राष्ट्र वा अन्तर्राष्ट्रिय सङ्गठनको झण्डा, प्रतिक चिन्ह, नाम वा संक्षिप्त रुप, सरकारी निकायको नाम तथा छाप एवं लोगोसँग मिल्दोजुल्दो भएको,
- औषधीमा विश्व स्वास्थ्य संगठनको जेनेरिक सूचीमा परेको,
- ओलम्पिक चिन्हसँग मिल्दोजुल्दो भएको,
- सुपरिचित (Well Known) ट्रेडमार्कहरुसँग मिल्दोजुल्दो भएको,
- सार्वजनिक निकायको नाम वा सार्वजनिक पदनामसँग मिल्दोजुल्दो भएको,
- छिमेकी राष्ट्र वा मित्र राष्ट्र वा अन्तर्राष्ट्रिय संगठनसँगको सम्बन्धमा प्रतिकूल असर पर्ने,
- पहिला दर्ता कायम रहेको ट्रेडमार्क अघि वा पछि सर्ग, उपसर्ग जोडिएको,
- भौगोलिक नामसँग मिल्दोजुल्दो वा भौगोलिक स्रोतको गलत संकेत दिने,
- राष्ट्रिय जनगणनाको पछिल्लो प्रतिवेदनमा उल्लिखित जातजाति जनाउने शब्द भएको,
- सम्बन्धित वस्तु तथा सेवाकै वर्णनात्मक शब्द भएको,
- प्रचलित कानुनले निशेष गरेको चिन्ह, शब्द वा लोगो भएको।

मितिः २०८2/१२/१८
ने.सं. ११४६ चौलाथ्व

जितेन्द्र बस्नेत
महानिर्देशक